नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

आइक्यान मार्ग, सातदोबाटो, ललितपुर।

## खुला/समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना

प्रकाशन मिति २०८३/०२/२२

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त रहेका देहायका सेवा, समुहका खुला र समावेशी पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन दिनुपर्नेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | किसिम | पद सङ्ख्या | शैक्षिक योग्यता र कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | दलित | १ (एक) | मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यता प्राप्त गरेको। |
| २. | २/०८२/८३ | अधिकृत | ६ | प्राविधिक | सूचना प्रविधि | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर ईञ्जिनियरिंग वा कम्प्युटर साइन्स वा सूचना प्रविधि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ३. | ३/०८२/८३ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई) वा सो सरह उत्तीर्ण । |

**विज्ञापन सम्बन्धी विशेष सूचना :** सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

**सेवाको किसिम :** स्थायी।

**परीक्षाको किसिम :** सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिमको लिखित, कम्प्युटर सीप परीक्षण/प्रयोगात्मक, समूह अध्ययन/प्रस्तुतिकरण तथा अन्तर्वार्ता।

**परीक्षा केन्द्र :** काठमाडौं।

**अपलोड गर्नुपर्ने कागजातहरु :** उम्मेदवारले न्यूनतम शैक्षिक योग्यताको Marksheet/Transcript तथा चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजात संलग्न गर्नुपर्नेछ। दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ। अनुभव आवश्यक पर्ने पदहरूका लागि नियुक्तिपत्रका साथै आफुले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित अनुभव सम्बन्धी पत्र तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। पेशागत आवद्धता प्रमाणपत्र (Professional Membership Certificate) आवश्यक पर्ने पदको हकमा सो समेत पेश गर्नुपर्नेछ। दरखास्तमा उल्लेखित विवरणको सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८३/०३/११ सम्म र दोब्बर दस्तुर तिरी २०८३/०३/१८ सम्म।

**उम्मेदबारको उमेरको हद :** दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र अधिकृत स्तरको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा बहालवाला स्थायी कर्मचारीहरूलाई उमेर हद लाग्ने छैन।

**पदमा रही गर्नुपर्ने काम र स्थान :** संस्थाको व्यवस्थापन अन्तर्गत रही तोकिए बमोजिम कार्य गर्नुपर्ने। नियुक्त हुने कर्मचारीहरूलाई संस्थाको आवश्यकता अनुसार प्रधान कार्यालय र उपत्यका बाहिरका शाखा कार्यालयहरूमा पदस्थापन गरिनेछ।

**परीक्षा दस्तुर बुझाउने प्रक्रिया :** अनलाईन (Online) दरखास्त फाराम Submit गरे पश्चात् बुझाउनु पर्ने परीक्षा दस्तुर eSewa वा Connect IPS मार्फत बुझाउनुपर्नेछ। तोकिए बमोजिमको रकम जम्मा नगरेमा अनलाईन दरखास्त फाराम रीतपूर्वक नभएको मानिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि :** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि माथि उल्लेखित कुनै एक विधिबाट ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट सम्ममा तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाइ सक्नुपर्नेछ।

**तलब तथा सेवा, सुविधा :** संस्थाको नियमानुसार।

**लिखित परीक्षा मिति :** लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट तोकिए बमोजिम हुनेछ।

**परीक्षा दस्तुर :** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ।

| तह | दरखास्त दस्तुर |
|---|---|
| तह ७ | रु. १,२००/- (एक हजार दुई सय) |
| तह ६ | रु. १,०००/- (एक हजार) |
| तह ५ | रु. ७००/- (सात सय) |

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल (फोटोकपी) समेत साथमा लिई आउनुपर्नेछ।

**दलितका हकमा :** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**द्रष्टव्य:**

१. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

३. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

४. पाठ्यक्रम संस्थाको वेबसाइट www.ican.org.np बाट प्राप्त गर्न सकिनेछ।

५. सूचना सम्बन्धी सोधपुछ तथा सम्पर्कका लागि टेलिफोन : ०१-५४३०८३२, ०१-५४३०७३०, ईमेल : hr@ican.org.np

**ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774**

Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

**Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np** **Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np**

**Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np** **Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np**

**Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np** **Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np**

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३/०२/२२)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी सेवा शर्त विनियमावली, २०६६ (तेश्रो संशोधन २०८०) को विनियम १४.१० अनुसार तोकिएको सेवा अवधि पुरा गरेका तथा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थायी कर्मचारीहरूले मिति २०८३/०३/११ सम्ममा तोकिए बमोजिमको फाराम भरी आवश्यक सम्पूर्ण कागजातहरू संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन पेश गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन। आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क्र.सं | विज्ञापन नं | पदको नाम | तह | सेवा | समूह | सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ४/०८२/८३ | उप निर्देशक | ९ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | १ (एक) |
| २ | ५/०८२/८३ | सहायक निर्देशक | ८ | प्रशासन | प्रशासन | १ (एक) |
| ३ | ६/०८२/८३ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | १ (एक) |
| ४ | ७/०८२/८३ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | १ (एक) |

| तह | दरखास्त दस्तुर |
|---|---|
| तह ९ | रु. १,५००/- (एक हजार पाँच सय) |
| तह ७ र तह ८ | रु. १,२००/- (एक हजार दुई सय) |
| तह ५ | रु. ७०० /- (सात सय) |

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३/०२/२२)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरूमा कार्यक्षमता मूल्यांकनद्वारा बढुवामार्फत पदपूर्ति गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी सेवा शर्त विनियमावली, २०६६ (तेश्रो संशोधन २०८०) को विनियम १४.२ अनुसार तोकिएको सेवा अवधि पुरा गरी न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा १४.१घ बमोजिम अयोग्य नभएका स्थायी कर्मचारीहरूले मिति २०८३/०३/११ सम्ममा तोकिए बमोजिमको फाराम भरी आवश्यक सम्पूर्ण कागजातहरू नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको अनलाइन दरखास्त प्रणाली career.ican.org.np मार्फत् आवेदन पेश गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन।

| क्र.सं. | विज्ञापन नं | पदको नाम | तह | सेवा | समूह | सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ८/०८२/८३ | निर्देशक | ११ | प्रशासन/ प्राविधिक | प्रशासन/ प्राविधिक | १ (एक) |
| २ | ९/०८२/८३ | निर्देशक | ११ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | १ (एक) |
| ३ | १०/०८२/८३ | सह निर्देशक | १० | प्रशासन | प्रशासन | १ (एक) |
| ४ | ११/०८२/८३ | उप निर्देशक | ९ | प्रशासन | प्रशासन | १ (एक) |
| ५ | १२/०८२/८३ | उप निर्देशक | ९ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | १ (एक) |
| ६ | १३/०८२/८३ | सहायक निर्देशक | ८ | प्राविधिक | चार्टर्ड एकाउन्टेन्ट | २ (दुई) |
| ७ | १४/०८२/८३ | अधिकृत | ६ | प्रशासन | प्रशासन | १ (एक) |

**द्रष्टव्य:**

निर्देशक पद तह ११ समूह प्रशासन/ प्राविधिक मा प्रशासन वा प्राविधिक समूहबाट योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त दिन पाईनेछ।

| तह | दरखास्त दस्तुर |
|---|---|
| तह ११ | रु. २,०००/- (दुई हजार) |
| तह ९ र तह १० | रु. १,५००/- (एक हजार पाँच सय) |
| तह ८ | रु. १,२००/- (एक हजार दुई सय) |
| तह ६ | रु. १,००० /- (एक हजार) |


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under The Nepal Chartered Accountants Act, 1997)

ICAN Marg, Satdobato, Lalitpur

Post Box No.: 5289, Tel.: 5430730, 5430832

Web: http:/ /www.ican.org.np, Email: ican@ntc.net.np